# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

(सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङचुङ, धादिङ बागमती प्रदेश, नेपाल)

पत्र सङ्ख्या: २०७९/०८०
चलानी नं. १००३

मिति:-२०७९।०८।८

---

विषयः- सूचना ।

सिद्धलेक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, बुङचुङ, धादिङ

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थाको लागि

आशय पत्र आह्वान

प्रथम पटक सूचना प्रकाशित मितिः-२०७९।०८।०८

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २६ को अधिनमा रही विपद व्यवस्थापन, कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र तथा गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले सिद्दलेक गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को परिच्छेद ३ को दफा ५(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।आर्थिक वर्ष २०७९/०८० को सम्वन्धित विषयगत क्षेत्रमा स्वीकृत वार्षिक कार्यक्रम तथा वजेटको परिधि भित्र रही विपद व्यवस्थापन, बहुवर्षिय/सालबसालीरुपमा कृषि तथा पशु बिकास मा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका संघ/संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० तिस दिन भित्र देहायका विवरण तथा कागजातहरु संलग्न गरी आशय पत्र पेश गर्न आह्वान गरिएको छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कुनै कारवाही गरिनेछैन ।

<u>आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु</u>

१) आशयपत्र पेश सम्बन्धी निवेदन,

२) आशय पत्रको फारम,

रामभणी मिश्र
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

३) संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),

४) स्थायी लेखा नम्बर,

५) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,

६) संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,

७) प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,

८) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,

९) फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)

१०) विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण ।

११) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

पुनश्चः-आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागी आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ ।

२०८१।८।२८
...................................
प्रमुख प्रशासकिय अधिकृत

**राममणी मिश्र**
**प्रमुख प्रशासकिय अधिकृत**

Scanned with CamScanner